# काठमाडौंको शिवपुरी जङ्गल क्षेत्रमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा गरिएको अनुसन्धानको प्रारम्भिक प्रतिवेदन

**पृष्ठभूमि :**

राज्यपक्ष र नेकपा (माओवादी) बीच भएको दश वर्षे सशस्त्र द्वन्द्वका समयमा सुरक्षाकर्मीद्वारा पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूको अवस्थाको बारेमा कसैलाई पनि जानकारी नदिई बेपत्ता पारिएको भन्ने र नेकपा (माओवादी) द्वारा कब्जामा लिई बेपत्ता पारिएकोले मानवअधिकारको संरक्षण गरी पाउन र अवस्था सार्वजनिक गरी पाउन मानवअधिकार उल्लङ्घनका उजुरीहरू विभिन्न समयमा राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता हुन आएका थिए । आयोगबाट भएको अनुगमन तथा अनुसन्धानहरूबाट समेत सुरक्षा निकाय र नेकपा (माओवादी) बाट बिभिन्न व्यक्तिहरूलाई पक्राउ गरी उनीहरूका परिवार, आफन्त, कानुन व्यवसायी लगायतको सम्पर्कबाट अलग गरी गैरकानुनी रूपमा थुनामा राखेर बेपत्ता पारिएका तथ्यहरू प्राप्त हुन आएका थिए । यसै सिलसिलामा अनुसन्धानको क्रममा केही व्यक्तिहरूलाई नेपाली सेनाको भैरवनाथ गण, महाराजगञ्ज काठमाडौंमा समेत थुनामा राखी बेपत्ता पारिएको भन्ने जानकारी प्राप्त हुन आएको थियो । उक्त जानकारीका आधारमा आयोगले सुरक्षाकर्मीद्वारा पक्राउ गरी सेनाको भैरवनाथगण महाराजगञ्जमा राखिएको देखिएको ठहर गरी बेपता पारिएका व्यक्तिको स्थिति सार्वजनिक गर्न सरकारलाई सिफारिस समेत गरेको थियो । त्यसैगरि **UNOHCHR** को नेपाल स्थित कार्यालय, गृह मन्त्रालय अन्तर्गत गठित बेपत्ता छानबिन समिति लगायत मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूबाट समेत सुरक्षाकर्मीले बेपत्ता पारिएका भनिएका व्यक्तिको सम्बन्धमा प्रतिवेदनहरू सार्वजनिक भई आएका छन् ।

**आयोगद्वारा भएका क्रियाकलाप तथा प्राप्त तथ्य :**

मिति २०६४।९।४ गते सुरक्षकर्मीले बेपत्ता पारी मारिएको भनी मानवअधिकार सङ्घ संगठनका प्रतिनिधि तथा नागरिक समाज एवम् पीडितका परिवारद्वारा आशंका गरिएको काठमाडौंको शिवपुरी जङ्गल क्षेत्रको अनुगमन गर्न आयोगलाई जानकारी गराईएको थियो । मानवअधिकारकर्मीले तयार गरेको मुचुल्का समेत आयोगको टोलीलाई जिम्मा लगाएका थिए । सो प्रतिवेदन समेतको आधारमा आयोगद्वारा उक्त स्थानको सुरक्षा गर्न गृह मन्त्रालय, नेपाल प्रहरी, रक्षा मन्त्रालय, नेपाली सेना मानवअधिकार निर्देशनालयमा पत्राचार गरी आयोगबाट सोही दिन प्रेस विज्ञप्ति समेत जारी गरिएको थियो । आयोगका सदस्यहरूबाट समेत उक्त स्थानमा गई अनुगमन तथा निरीक्षण गरिएको थियो । व्यस्थापिका संसद, मानवअधिकार तथा सामाजिक न्याय समितिका सदस्यहरूबाट समेत उक्त स्थानको निरीक्षण भएको थियो । साथै प्रहरी टोली समेत घटनास्थल गई बेलुका फर्किएको थियो ।

साथै **UNOHCHR** नेपालका प्रमुख **Richard Bennet** सहितको टोलीसँग आयोगमा पदाधिकारीहरू बीच छलफल भएको थियो । उक्त स्थानको प्रारम्भिक अनुसन्धान **Forensic Expert** र नेपाल प्रहरीका अपराध अनुसन्धान अधिकृत **Crime Scene Expert** बाट गर्ने बारेमा छलफल भएको थियो ।

मिति २०६४।९।५ गते आयोगमा आयोगका पदाधिकारी र स्वदेशी विशेषज्ञको टोली र नेपाल प्रहरीबीच आशङ्कित स्थलको सुक्ष्म अनुसन्धान कसरी गर्ने भन्ने सम्बन्धमा विस्तृत छलफल भई नेपाल प्रहरीको **Crime Scene Expert** सहित विधिविज्ञान विशेषज्ञहरूद्वारा सूक्ष्म अनुसन्धान गर्ने सहमति गरियो । साथै नेपाल प्रहरीलाई अनुसन्धान अधिकृतहरू समेत उक्त स्थानमा उपलब्ध गराईदिन हुन आयोगबाट पत्राचार गरिएको थियो ।

मिति २०६४।९।६ गते बिशेषज्ञ सहितको आयोगको अनुसन्धान टोलीले नागरिक समाजले आशङ्कित भनी देखाइएको क्षेत्रमा घेरा हालेर मुचुल्का तयार गरेको थियो । आयोगले लगभग ७४ मिटर लामो र १५ मिटर चौडा क्षेत्रमा डोरी बाँधी घेराबन्दी नक्साङ्कन गरेर त्यसमा 'निषेधित क्षेत्र' लेखेको थियो । सोही दिन विशेषज्ञहरूद्वारा ८ ओटा प्लास्टिकका साना प्याकेटमा उक्त स्थानमा रहेको २ वटै तारले बाधिएको ढुंगा (ग्याभिङ वाल) को माथिल्लो भागमा ढुंगामा अडकेर रहेको अवस्थाको केही कालो अंगार जस्तो देखिने वस्तुहरू सङ्कलन गरेको थियो । ढुंगामा अडकेको कालो वस्तु झिक्न विशेषज्ञद्वारा तार समेत काटिएको थियो । सङ्कलित वस्तुहरूलाई प्रत्येक पोकामा सिलबन्दी गरि प्रत्येक वस्तु उठाउनुपूर्व ट्याग (TAG) नम्बर लगाई डिजीटल र भिडियो क्यामेराद्वारा तस्विर खिची मुचुल्का समेत तयार गरी सम्पूर्ण कानुनी प्रक्रिया पूरा गरी सङ्कलित वस्तु आयोगमा ल्याइयो ।

सो दिन अनुसन्धान पूरा नभएको हुनाले पुन: मिति २०६४।९।७ गते सोही विशेषज्ञ सम्मिलित टोलीबाट उक्त स्थानमा अनुसन्धानको कार्य जारी राखियो । अनुसन्धानको क्रममा टोलीले घेरा हालिएको क्षेत्रबाट अर्ध जलेको बाँस, आंशिक रूपमा जलेर बाँकी रहेका काठका टुक्रा, वनस्पति, च्यातिएका प्लास्टिक, प्लास्टिकका खाली प्याकेट (चाउचाउ, चियापत्ति), पूरानो मक्किएको निलो रगंको टाउजर, हान्किन लेजर बियरको खाली क्यान, कालो रङको काटिएको प्लास्टिकको बट्टा मोबिलको जस्तो देखिएको, चिरेको बाकल, पोलिथिन सिट, कोइला जस्तो देखिने बस्तु, गोल्डेन लाइन खैनीको खाली प्याकेट, सिमेन्टको जस्तो देखिने च्यातिएको खालि बोरा, फलामको तार, ज्याकेटको गोजी जस्तो देखिने कालो कपडा, कोकोकोला लेखिएको चकलेटको खाली खोल, फुटेको सिसाको गिलास, ग्यालिनको बिर्को, औषधीको पत्ता, यासिमा लेखिएको सानो टर्च लाइटको ब्याट्री, छाताको खोल, अगरबत्तिको र्‍यापर, पोलिथिनका झोलाहरू समेत सङ्कलन गर्‍यो । साथै उक्त स्थानमा रहेको दायाँतर्फको (ग्याभिङ वाल) को तल्लो तहबाट कालो माटो, कालो धुलो, अङ्गार जस्तो कालो वस्तुहरू सङ्कलन गरी सङ्कलित प्रत्येक वस्तुमा ट्याग (**TAG**) नम्बर लगाई सिलबन्दी गरी आयोगको कार्यालयमा ल्याईएको थियो । उक्त दिन १ नम्बर देखि ३२ नम्बर सम्मको ट्याग लगाइएको थियो ।

मिति २०६४।९।७ गतेका दिन नै अन्तरिम व्यवस्थापिकाको मानवअधिकार तथा सामाजिक न्याय समितिमा आयोगका सदस्य गौरी प्रधान सहित उपस्थित भई आयोगले गरेको अनुसन्धानको बारेमा जानकारी गराएको थियो ।

मिति २०६४।९।८ गते नेपाली सेना जङ्गी अड्डाबाट आयोगको अनुसन्धान कार्यमा पूर्ण सहयोग गर्ने जानकारी प्राप्त भएको थियो भने वन तथा भू संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र गृह मन्त्रालयबाट पनि आयोगको कार्यमा सहयोग गर्ने जानकारी आयोगमा प्राप्त हुन आएको थियो । सोही दिन आयोगले अनुसन्धानका बारेमा अनुसन्धानमा संलग्न विशेषज्ञहरूबाट थप जानकारी लिएको थियो ।

मिति २०६४।९।९ गते आयोगले सङ्कलन गरेका वस्तुहरूमध्ये कालो रङको अङ्गार जस्तो वस्तु तथा कालो माटो तथा धुलो त्रि.वि. शिक्षण अस्पताल, फरेन्सिक प्रयोगशाला महाराजगञ्जमा र अन्य वस्तुहरू राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, खुमलटार र राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला, गोदावरी ललितपुरमा अनुसन्धानका लागि पठाइएको थियो । साथै, व्यवस्थापिका संसद, मानवअधिकार तथा सामाजिक न्याय समितिबाट **Site protection** गर्न, अनुसन्धान कार्यमा आयोगलाई सहयोग गर्न र २४ घन्टाभित्र सुरक्षा पोस्ट खडा गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको थियो । सो अनुसार मिति २०६४।९।११ गते नेपाल प्रहरीबाट आशङ्कित स्थानमा प्रहरीको सुरक्षा क्याम्प खडा गरी हालसम्म सो क्षेत्रको सुरक्षा २४ सै घन्टा गरेको पाईएको छ ।

मिति २०६४।९।१३ गते वनस्पतिविज्ञबाट आशङ्कित स्थानमा गई वनस्पतिहरूको नमूना सङ्कलन गरी परीक्षणका निम्ति ल्याईएको थियो । साथै सोही दिन त्रि.वि. शिक्षण अस्पताल फोरेन्सिक मेडिसिन विभागबाट थप अनुसन्धानका लागि विदेशी **Forensic Anthropologist** को सेवा उपलब्ध गराउन आयोग समक्ष अनुरोध भई आएकोले **UNOHCHR NEPAL** सँग विदेशी विशेषज्ञको **Forensic Anthropologist** सेवा उपलब्ध गराइदिन आयोगले अनुरोध गरेको थियो ।

मिति २०६४।१०।११ गते आयोगले **UNOHCHR NEPAL, Finnish Embassy** का प्रतिनिधि तथा नेपाली विशेषज्ञहरूसँग विदेशी विशेषज्ञहरूको सेवा सम्बन्धमा छलफल गरेको थियो ।

मिति २०६४।१०।१८ मा फिनल्याण्ड सरकारको सहयोगमा **Finland** बाट दुईजना विदेशी बिशेषज्ञहरू माघ २१, २०६४ मा नेपाल आउने सम्बन्धमा आयोगबाट प्रेस विज्ञप्ति जारी गरिएको थियो ।

मिति २०६४।१०।२१ गते **Finland** बाट **Professor Helena Ranta (University of Helsinki)** र **Prof. Pekka Saukko (University of Turku)** को टोली नेपालमा आएको थियो ।

मिति २०६४।१०।२२ गते विदेशीविज्ञ समक्ष आयोगमा स्वदेशीविज्ञ तथा पदाधिकारीहरूबीच हालसम्म अनुसन्धानको क्रममा भएको काम कारबाहीको सम्बन्धमा बिस्तृत छलफल भएको थियो ।

मिति २०६४।१०।२३ गते विदेशी तथा स्वदेशीविज्ञ सहित आयोग टोलीबाट आशङ्कित स्थानमा पुनः अनुसन्धानको कार्य सुरु गरेको थियो । अनुसन्धानका क्रममा विदेशीविज्ञहरूले बाँयातर्फको ग्याभिङ वालको माथिल्लो भागबाट केही कालो वस्तुहरू सङ्कलन गरी प्याकेटमा लक गरी विज्ञहरूले थप अनुसन्धानका लागि ल्याएका थिए । उक्त अनुसन्धानको कार्यमा **UNOHCHR NEPAL** को पनि उपस्थिति थियो ।

मिति २०६४।१०।२४ गते देखि स्वदेशी तथा विदेशी विज्ञहरूद्वारा प्रयोगशालाहरूमा रही सङ्कलित वस्तुहरू परीक्षण र विष्लेशण गरिएको थियो ।

मिति २०६४।१०।२५ गते विदेशी तथा स्वदेशी विज्ञसहित आयोगटोलीबाट आशंकित स्थानमा पुनः अनुसन्धान गरी दाँयातर्फको ग्याभिङ वालको तल्लो तहमा रहेको कालो माटो खोस्रेर चाल्नीमा चाली केही कालो वस्तुका टुक्राहरू २ ओटा प्याकेटमा राखी सिल गरी सङ्कलन गरेको थियो । तत्पश्चात प्रयोगशालाहरूमा स्वदेशी तथा विदेशी विज्ञहरूद्वारा परीक्षण तथा विष्लेशणको कार्य निरन्तर जारी राखेको थियो । मिति २०६४।११।१ मा विदेशी विशेषज्ञ र राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट र २०६४।११।२ गते त्रि.वि. फोरेन्सिक मेडिसिन विभागबाट प्रतिवेदन आयोगमा प्राप्त हुन आएको छ ।

**विशेषज्ञहरूबाट प्राप्त राय**[1] :

काठमाडौं अटप्सी सेन्टर/डिपार्टमेन्ट अफ फरेन्सिक मेडिसिन त्रिभुवन विश्वविद्यालयका विशेषज्ञहरू **डा.प्रमोदकुमार श्रेष्ठ** र **डा. हरिहर वस्ती**को राय :

- १ देखि ७ नम्बर सम्मका सङ्कलित नमूनाहरूमा स्पष्टत मानव वा अन्य कुनै जनावरको जस्तो देखिने जलेका वा नजलेका अवशेषहरू पाइएन । १ देखि ७ सम्मका नमूनाहरूमा जलेका प्लास्टिक र रबरका टुक्राहरू जस्ता देखिने वस्तुहरू पाईएका थिए ।

---

[1] *विशेषज्ञको राय विशेषज्ञहरुको प्रतिवेदनमा उल्लेख भए बमोजिम अंग्रेजीवाट नेपालीमा अनुवाद गरिएको छ।*

- सङ्कलित नमूना नम्बर ८ मा जलेको अवस्थाका सङ्कास्पद वस्तु फेला परेकोले बिशेषज्ञहरूद्वारा थप मुल्याङ्कनको आवश्यकता रहेको छ ।
- सङ्कलित नमूना नम्बर २४ मा कडा खालको जलेको सामाग्री पाइएकोले त्यसको वास्तविक उत्पति (**Origin**) के हो भन्ने कुरा निश्चित गर्न निम्ति थप अनुसन्धान गर्नु पर्ने देखिन्छ ।
- फोरेन्सिक एन्थ्रोपोलोजिस्टको राय लिन सल्लाह दिइन्छ र अन्तिम निष्कर्षका लागि थप जैविक वैज्ञानिक परीक्षण (**Biological Scientific Test**) गर्नु पर्ने पनि आवश्यक छ ।

**राष्ट्रिय विधिविज्ञान प्रयोगशालाका विशेष वैज्ञानिक जीवनप्रसाद रिजालको राय :**

- पूर्ण तथा आंशिक रूपमा जलेका काठहरू रहेको पाईयो ।
- केही काठका टुक्राहरू पहिले प्रयोग भैसकेका ढोका, झयाल तथा फर्निचरको भएको पाईयो ।
- धेरै जसो काठहरूमा झ्याउ लागि सकेको पाईयो ।
- कुनै रगतका टाटा वा मानव अवशेष रहेको पाईएन ।

**विदेशी विशेषज्ञहरू Professor Helena Ranta (University of Helsinki) र Prof. Pekka Saukko (University of Turku) को प्रारम्भिक मूल्याङ्कन/निष्कर्ष :**

- काठमाडौं अटप्सी सेन्टर/डिपार्टमेन्ट अफ फोरेन्सिक मेडिसिन त्रिभुवन विश्वविद्यालय, महाराजगञ्जमा माइक्रोस्कोपिक (**Microscopic**) परीक्षण गरिएका नमूनाहरू मानव उत्पतिका हुन् वा होइनन् यकिन गर्न अन्य थप अनुसन्धान गर्न आवश्यक छ ।
- सङ्कलित नमूनाहरूमध्ये ४ ओटा नमूनाको थप अनुसन्धानको लागि सिफारिस गरिएको छ । ती नमूनाहरूको **Hard Tissue Processiong** मा अनुभव तथा मान्यता प्राप्त आधुनिक प्रयोगशालाद्वारा **DNA-Extraction / Histological Sectioning** परीक्षण गरिनु पर्दछ । यी परीक्षणहरू गर्नको लागि आवश्यक साधन श्रोत नेपालमा उपलब्ध छैनन् ।

**निष्कर्ष :**

सङ्कलित वस्तुहरूको वैज्ञानिक परीक्षणका निम्ति स्वदेशी तथा विदेशी विशेषज्ञको रायबमोजिम सो वस्तुको नमूनाहरूको उत्पत्ति के हो भनी पत्ता लगाउन थप अनुसन्धानका लागि अति सुविधा सम्पन्न प्रयोगशालामा पठाउनु आवश्यक भएकाले नेपाल सरकारलाई आवश्यक व्यवस्थाका लागि लेखी पठाउने निर्णय आयोगले गरेको छ । आधुनिक प्रयोगशालामा ती वस्तुको परीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा मात्र अनुसन्धानको बारे निष्कर्षमा पुग्न सक्ने हुदाँ हाल अनुसन्धान जारी नै छ ।

●